धुलिखेल नगरसभाको नवौं अधिवेशनमा नगर प्रमुख
श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट

**मिति २०७८ असार ७ गते**

# धुलिखेल नगरपालिका

## Dhulikhel Municipality

## नगर कार्यपालिकाको कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# धुलिखेल नगरपालिकाको नवौं नगर सभामा नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको बजेट नीति तथा कार्यक्रम

**पर्यटन विकास तर्फ :**

1. देवीस्थान पार्कको बाँकी काम पुर्ण रुपमा सम्पन्न गरिने छ। पार्कको साइडमा शौचालय निर्माण पसल कबल निर्माणका साथै नमुना पार्कको रुपमा विकास गरिने छ।

2. धुलिखेल एउटा ऐतिहासिक तथा साँस्कृतिक शहर हो। हाम्रा संस्कृतिहरु मूर्त मात्रै छैनन् अमूर्त पनि छन्। विभिन्न जात जाति, जनजाति तथा भाषा भाषीका आफ्नै मौलिक सास्कृतिक धरोहरहरु छन्। यिनिहरुको संरक्षण, विकास तथा प्रवर्धन गर्नु हामी सवैको साझा कर्तब्य हो। समग्र सस्कृति संरक्षण तथा जात्रा पर्व व्यवस्थापन कार्यलाइ निरन्तरता दिएको छु।

3. नगरपालिकालाई पर्यटकीय  केन्द्रको रुपमा विकास गर्न विभिन्न रणनीतिहरु तथा कार्यक्रम संचालन गरिएको छ। पर्यटकहरुको वसाइ अवधिलाई लम्वाउन निर्माणाधिन देवीस्थान पार्क तथा धुलिखेल मनोरन्जन पार्कमा जू निर्माण गर्ने कार्य प्रारम्भ गरिनेछ। सार्वजनिक यातायातबाट धुलिखेल घुम्न आउने विदेशी तथा आन्तरिक पर्यटकहरुलाई सुविधा दिन धुलिखेलमा अवस्थित होटलहरुको सहयोगमा शौचालय सहितको बसविसौनी निर्माण गर्न आवश्यक पहल गरिनेछ।

4. होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभुष तथा सस्कृती झल्कने कार्यक्रम संचालनमा जोड दिदै ऐतिहासिक र पुरातात्वीक मठ मन्दिरको मर्मत तथा संरक्षमा निरन्तरता दिईने छ। निर्माणाधीन देविस्थान पार्कमा विभिन्न जातजातिको पहिचान झल्काउने भेषभूपा तथा परम्परागत सामाग्रीहरुको प्रदर्शनीस्थल राख्ने व्यवस्था मिलाईने छ।

5. यस नगरको वडा नं १ र २ मा रहेको छाँगे झर्ना र वडा नं ११ मा रहेको कपिलेश्वर माहादेवलाई रहेको क्षेत्रलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्नका लागि कार्य प्रारम्भ गरिनेछ।